नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(………………………शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०८१।४।११

**सम्पति शुद्धीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको (चौथो संशोधन) निर्देशन, २०८१**

सम्पति शुद्दीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको (तेस्रो संशोधन सहित) निर्देशन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सम्पति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प.(२) ले दिएको अधिकार प्रयोग गरी सहकारी विभागले यो निर्देशन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : १. यस निर्देशनको नाम "सम्पति शुद्दीकरण निवारण सम्वन्धी सहकारी संघसंस्थालाई जारी गरिएको (चौथो संशोधन) निर्देशन, २०८१" रहेको छ ।

२. यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सम्पति शुद्दीकरण निवारण सम्वन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा ८ को २ पछि देहायको दफा (२क) थप गरिएको छः,

"(२क.) सहकारी संघ/संस्थाले उच्च पदस्थ व्यक्तिको विवरण राख्दा देहाय वमोजिम वर्गीकरण गरी राख्नु पर्नेछ ।

क) पदमा रहेका उच्च पदस्थ व्यक्ति

ख) पदमा नरहेका उच्च पदस्थ व्यक्ति"

३. दफा ८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ,

"(३) उच्च पदस्थ व्यक्तिको अभिलेख पछिल्लो पटक निज पदवाट हटेको मितिले कम्तीमा पनि दश वर्षसम्म राख्नु पर्नेछ।"

४. दफा १३ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ,

"(२) सहकारी संघ/संस्थाले ऐनको दफा ७घ. तथा दफा ३५ बमोजिम सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धी संस्थागत जोखिमको पहिचान तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र तयार गरी सहकारी विभागमा पेश गर्नुपर्नेछ । यसरी जोखिम मूल्यांकन गर्दा संस्थाले

रजिष्ट्रार



Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(...................................शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

सदस्य (Member), सेवा (Product), भौगोलिक क्षेत्र (Geographic Location) तथा सेवा प्रवाह गर्ने माध्यम (Delivery channel) लगायत AML/CFT (सम्पति शुद्दीकरण, आतंककारी कार्य वा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण) सम्वन्धी जोखिमको पहिचान एवम् विश्लेषण गरी मूल्यांकन गर्नु पर्नेछ । साथै उपरोक्त अनुसार जोखिम मुल्यांकन गर्नु अघि मूल्यांकनको पद्धति तथा वस्तुगत आधार तयार गरी सहकारी विभागमा पेश गर्नुपर्नेछ ।"

५. दफा १३ को उपदफा (३) को सट्टामा देहायको उपदफा (३) राखिएको छ,

"(३) सहकारी संघ/संस्थाहरुले सदस्यहरुको सम्पति शुद्धीकरण निवारण सम्बन्धी विवरण अनुसूची ३ को ढाँचामा प्रत्येक वर्ष श्रावण मसान्तभित्र सहकारी विभागमा पेश गर्नु पर्नेछ ।"

६. दफा १३ को उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थप गरिएको छ,

"(६) सहकारी संघ/संस्थाले उपदफा २ वमोजिमको जोखिम मूल्यांकन प्रतिवेदनको आधारमा प्रत्येक आर्थिक वर्षमा जोखिमको विश्लेषण अद्यावधिक गरी सोही बमोजिम नीति तथा कार्यविधिमा आवश्यक परिमार्जन गरी जोखिममा आधारित वार्षिक कार्ययोजना वनाई लागू गर्नु पर्नेछ।"

"(७) सहकारी संघ/संस्थाले सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलाप तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारणका सम्बन्धमा वर्ष भरी गरेका काम कारवाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र सहकारी विभागमा पेश गर्नुपर्नेछ। यसरी पेश हुने प्रतिवेदनमा संस्थाले सम्पति शुद्दीकरण निवारण सम्वन्धी कार्यविधि वनाए/नवनाएको, वनाएकोमा सो कार्यविधिमा परिमार्जन गरे/नगरेको, जोखिम विश्लेषण गरिएको/नगरिएको, गरिएको भए सो आधारमा वर्गीकरण गरिएको सदस्यहरुको संख्या, वित्तीय जानकारी इकाइको गोएमएल सिस्टममा आवद्ध भए/नभएको, आवद्ध भएको भए गोएमएल सिस्टममा पठाइएको प्रतिवेदनको संख्या, कार्यान्वयन अधिकारीको नाम र सम्पर्क नंवर, सहकारी संस्थाको जम्मा सदस्य संख्या र सदस्य पहिचान तथा सम्पुष्टि गरिएका सदस्य संख्या लगायत संस्थाले गरेका अन्य काम कारवाही समावेश हुनु पर्नेछ।"

पिताम्बर घिमिरे
रजिष्ट्रार



Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(..................शाखा)
फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-
मिति :-

७. दफा १४ हटाइएको छ ।

८. दफा (१९) को सट्टामा देहायको दफा (१९) राखिएको छ,

"(१९) सीमा कारोबारको प्रतिवेदन : (१) संस्थाले ऐनको दफा १०क. बमोजिमको सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोकेबमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

स्पष्टीकरण :— सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको देहायको कारोवारलाई सम्झनुपर्छ :—

क) कुनै सदस्यले संस्थामा एकै पटक वा पटक/पटक गरी एक दिनमा कुनै खातामा गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार वा एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातावाट गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद खर्च कारोवार।

ख) कुनै सदस्यले एकै पटक वा पटक/पटक गरी एक दिनमा सम्बन्धित सहकारी संस्थाको बैंक तथा वित्तीय संस्थाको खातामा गरेको रु.१० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार ।

नोटः सदस्यले सहकारी संस्थामा पेश गर्ने बैंक तथा वित्तीय संस्थाको नगद जम्मा भौचर अनुसार प्रतिवेदन गर्नुपर्ने ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय वमोजिमको कारोवारको विवरण वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने छैन ।

क) संस्थाले सहकारी ऐन, २०७४ बमोजिम संस्थासँग कारोबार गर्न पाउने सरकारी कार्यालय, विशेष ऐन अन्तर्गत स्थापित निकायसँगको कारोबार ।

ख) संस्थाले आफ्नो कर्मचारीलाई प्रचलित कानुन बमोजिम कर्जा सापटी वा सुविधा प्रदान गरेको कारोवार ।

ग) सहकारी संघ/संस्थाले कुनै पनि वैंक वा वित्तीय संस्थासँग गरेको नगद कारोवार ।



Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(..................शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

घ) सहकारी संघ/संस्थाले सहकारी बैंकसँग गरेको नगद कारोबार ।

तर छुट दिइएको उक्त कारोबारहरूको हकमा शंकास्पद कारोबारको पहिचान गर्न र सो बमोजिमको विवरण तयार गरी वित्तीय जानकारी इकाईमा पठाउन छुट दिएको मानिने छैन।

९. दफा (२०) को सट्टामा देहायको दफा (२०) राखिएको छ,

"२०.शंकास्पद कारोबार सम्बन्धमाः (१) संस्थाले ऐनको दफा ७ढ. मा उल्लेखित खास कारोबारका सम्बन्धमा बिशेष ध्यान दिने प्रणालीको विकास गरी लागु गर्नु पर्नेछ।

(२) संस्थाले ऐनको दफा ७ध. बमोजिम सदस्य, कारोबार वा सम्पत्तिको सम्बन्धमा देहायको अवस्थाहरु विद्यमान भएमा शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन आवश्यक जाँचबुझ गरी तत्काल वित्तीय जानकारी इकाईले तोकेको ढाँचामा वित्तीय जानकारी इकाईमा पेस गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन तयार गर्दा वित्तीय जानकारी इकाईले जारी गरेको 'STR/SAR Guidelines', 'goAML Operational Guidelines' तथा अन्य मार्गदर्शनहरुलाई आधार मान्नु पर्नेछ ।

(क) कुनै सम्पत्ति, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कसूरसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा वा

(ख) कुनै सम्पत्ति, आतङ्ककारी कार्य, आतङ्ककारी व्यक्ति वा आतङ्ककारी संगठन वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित वा जोडिएको वा त्यस्तो कार्यमा वा त्यस्तो व्यक्ति वा संगठनवाट प्रयोग हुन सक्ने शङ्का लागेमा वा शङ्का गर्नुपर्ने मनासिब आधार भएमा ।

(२क) संस्थाले उपदफा (२) बमोजिम कुनै सदस्यले शंकास्पद कारोबार गर्ने प्रयास मात्र गरेमा समेत प्रतिवेदन दिनु पर्नेछ ।

(३) अनुसन्धान गर्ने निकायहरुबाट अनुसन्धानका सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा सुचना माग गरेको अवस्थामा शंकास्पद देखिने नयाँ तथ्य वा विषय जानकारीमा आएको



Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(....................शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

अवस्थामा बाहेक वित्तीय जानकारी इकाईलाई सूचित गर्न आवश्यक हुने छैन । तर, त्यस्ता व्यक्ति वा संस्था तथा सोको कारोबार सम्बन्धी विवरण माग गरिएको अवस्थामा उपलब्ध गराउन सक्ने गरी तयार गरी राख्नु पर्नेछ ।

४) संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने अवस्था विद्यमान हुँदा हुँदै प्रतिवेदन पेश नगरेको देखिएमा नियमनकारी निकायले सोको जानकारी वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ ।

१०. दफा २१ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छ,

"(२) सहकारी संघ/संस्थामा भएको कारोवारको आधारमा सीमा तथा शंकास्पद कारोवार वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्ने अवस्थामा सीमा तथा संकास्पद कारोवार/क्रियाकलापको प्रतिवेदन अनिवार्य रुपमा वित्तीय जानकारी इकाईको goAML Software System (Production Environment) वाट मात्र पेश गर्नु पर्नेछ। यसको लागि संघ/संस्थाहरुले आफ्नो कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा सदस्यको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।"

११. दफा २४ को उपदफा (८) पछि देहायको उपदफा (९) थप गरिएको छ,

"(९) सहकारी संघ/संस्थाले शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन पठाउदा संस्थाको कार्यान्वयन अधिकारीको एकाघर परिवार वा नजिकको नातेदार हुने अवस्था देखिएमा व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृतले सोको एकीन गरी अन्य कर्मचारीवाट प्रतिवेदन पठाउने व्यवस्था गर्ने र सोको जानकारी संचालक समितिलाई दिनु पर्नेछ ।"

१२. दफा २७ को उपदफा (३) पछि देहायको उपदफा (४) थप गरिएको छ,

"(४) सहकारी संघ/संस्थाले कानूनमा भएको परिवर्तन, जोखिम मूल्याङ्कन, व्यवसाय र प्रविधिमा भएको परिवर्तन, कसूर गर्ने तरिका तथा प्रवृत्तिमा आएको परिवर्तन समेतको आधारमा वार्षिक रुपमा

पितास्वर घिमिरे
रजिष्ट्रार



Scanned with CamScanner

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(..................शाखा)
फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

कम्तीमा एक पटक र आवश्यकता अनुसार एक पटकभन्दा बढी जोखिममा आधारित संस्थागत नीति, कार्यविधि तथा कार्ययोजना अद्यावधिक गरी सहकारी विभागमा पेश गर्नु पर्नेछ ।"

१३. दफा ३१ को उपदफा (५) पछि देहायको उपदफा (६) थप गरिएको छ,

"(६) सहकारी संघ/संस्थाले ऐनको दफा ३५च बमोजिम सूचीकृत परिपालना परीक्षकबाट सम्परीक्षण गराई प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र ऐनको दफा ३५ङ. मा समावेश भएका विषयहरु समेटी परिपालना प्रतिवेदन सहकारी विभाग समक्ष पेश गर्नुपर्नेछ।"

१४. दफा ३२ को उपदफा (५) को सट्टामा देहायको उपदफा (५) राखिएको छ,

(५) सहकारी संघ/संस्थालाई यस दफा वमोजिम वा निर्देशनका अन्य व्यवस्था उल्लंघनका सम्वन्धमा कारवाही तथा सँजाय हुने अवस्थामा वा त्यस्तो सँजाय संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारवाहीको कारणले हुने देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई उल्लंघनको गाम्भिर्यता र नियतगत मनशायलाई समेत विचार गरी सम्वन्धित संस्थाले प्रचलित कानून वा संस्थाको विनियम बमोजिम कारवाही गर्नुपर्नेछ ।

तर, सहकारी संघ/संस्थाले उक्त कारवाही नगरेमा विभागले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई कारवाही गरी त्यसरी कारवाही नगर्ने संस्थाको संचालक वा सम्बन्धित पदाधिकारीलाई परिपालनाको अवस्था, विषयको गाम्भीर्यता र सहकारी संघ/संस्थाको प्रकृति अनुसार रु १० लाख देखि ५ करोड सम्मको जरिवाना वा पदबाट हटाउने वा दुवै कारवाही गर्न सक्नेछ ।

१५. दफा ३३ को उपदफा (७) पछि देहायको उपदफा (८) थप गरिएको छ,

(८) यस निर्देशन अनुसार सहकारी संघ/संस्थाहरुले सहकारी विभागमा पठाउनु पर्ने विवरण, प्रतिवेदन तथा कार्ययोजना विभागले प्रकाशित गरेको सूचना अनुसारको माध्यम प्रयोग गरी पठाउनु पर्नेछ। सो अनुसार विभागले सूचना जारी नगरेसम्मको लागि विभागको इमेल ठेगाना amlcft@deoc.gov.np मा पठाउनु पर्नेछ।

१६. अनुसूची ४ र ५ हटाइएको छ।

पिताम्बर घिमिरे
रजिष्ट्रार

(नोटः कृपया पत्राचार गर्दा प.सं., च. नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनु होला ।)

CamScanner